# कञ्चनपुर जिल्लाका कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली

भाषाशिक्षा विभागअन्तर्गत स्नातकोत्तर (एम.एड.)तह

दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको

प्रयोजनका लागि प्रस्तुत

शोधपत्र

२०६४

शोधकर्ता

रणबहादुर दौल्याल

शिक्षाशास्त्र सङ्काय विश्वविद्यालय क्याम्पस

नेपाली भाषाशिक्षा विभाग

कीर्तिपुर काठमाडौ

परीक्षा क्रमाङ्क -२८०७४६/२०६३

क्याम्पस रो.नं :- १११६

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय
कीर्तिपुर

**निर्देशकको सिफारिस-पत्र**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषाशिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत 'कञ्चनपुर जिल्लाका कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकको शोधपत्र शोधार्थी रणबहादुर दौल्यालद्वारा मेरो निर्देशनमा तयार पारिएको हो । निजद्वारा कडा मिहिनेत र लगनशीलताका साथ तयार पारिएको हुनाले यस शोधपत्रप्रति म पूर्ण सन्तुष्ट छु । यस शोधपत्रको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६४/०५

**शोधनिर्देशक**

..........................
प्रा.डा.केदारप्रसाद शर्मा
नेपाली भाषा शिक्षा विभाग
शिक्षाशास्त्र सङ्काय
त्रि.वि. कीर्तिपुर

# त्रिभुवन विश्वविद्यालय

## स्वीकृति - पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पस नेपाली भाषाशिक्षा विभागका छात्र रणबहादुर दौल्यालले प्रा.डा. केदारप्रसाद शर्माको निर्देशनमा स्नातकोत्तर तह द्वितीय वर्षका (नेपा.शि.५९८) लागि तयार पारिएको 'कञ्चनपुर जिल्लाका कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकको शोधपत्र सम्बन्धित तहका लागि उपयुक्त भएकाले स्वीकृति प्रदान गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन समिति

| क्र.स. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | भोजराज ढुङ्गेल | ........................... |
| २. | प्रा.डा. हेमाङ्गराज अधिकारी | ........................... |
| ३. | प्रा.डा. रामचन्द्र लम्साल | .......................... |
| ४. | प्रा.डा. केदारप्रसाद शर्मा | ........................... |
| ५. | डा. पारसमणि भण्डारी | .......................... |

# कृतज्ञता-ज्ञापन

'कञ्चनपुर जिल्लाका कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्र हाम्रा आदरणीय गुरु प्रा.डा. केदारप्रसाद शर्माज्यूको निर्देशनमा तयार पारेको छु । आफ्नो अति व्यस्त समयका बाबजुद पनि मलाई यो शोधकार्यको लागि कुशल निर्देशन र आवश्यक सरसल्लाह दिनुहुने शोधनिर्देशक गुरु प्रा.डा. शर्माज्यूलाई सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी मेरो शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधकार्य गर्न अनुमति दिनुहुने विभागीय प्रमुख श्री भोजराज ढुङ्गेलप्रति पनि म हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा सुरुदेखि अन्त्यसम्म सहयोग पुऱ्याउनुहुने नेपाली भाषाशिक्षा विभागका श्रद्धेय गुरुहरू प्रा.डा. हेमाङ्गराज अधिकारी, प्रा.डा. रामचन्द्र लम्साल, डा.पारसमणि भण्डारी, डा.माधव आचार्य, सहप्रा. महेश्वर न्यौपानेलगायत नेपालीभाषा शिक्षा विभागका सम्पूर्ण गुरुहरूप्रति हृदयदेखि नै आभार प्रकट गर्दछु ।

मेरो अध्ययन कार्यलाई यहाँसम्म ल्याउन तथा आर्थिक भार वहन गरी सधैं पढ्न प्रेरित गरेर उचित सल्लाह, सुझाव र हौसला प्रदान गर्नुहुने पूज्यनीय पिता छवि दौल्याल र माता प्रीतिदवी दौल्याल तथा काका हर्कबहादुर दौल्याल, दाजु मोहनबहादुर दौल्याल, दिदी/भिनाजु : मन्दोधरी/रामबहादुर जप्रेलप्रति म हृदयदेखि नै हार्दिक आभार व्यक्त गर्दछु ।

त्यस्तै मेरो अध्ययनको हर पाइलामा सहयोग गरी आवश्यक मार्गदर्शन गर्नुहुने श्री प्रभात विद्या निकेतन महेन्द्रनगरका प्र.अ.श्री शंकरदत्त भट्टज्यूप्रति म सदा ऋणी छु । यहाँनेर यो अध्ययनको क्रममा तथ्याङ्कसङ्कलनमा सहयोग गर्ने भाइहरू खगेन्द्र बम, विनोद साउँद र प्रकाश भट्टलाई पनि म नसम्झी रहन सक्दिन । प्रस्तुत शोधपत्र तयार गर्न प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्नुहुने मेरा साथीहरू गणेश बोहरा, मेघराज उपाध्याय, योगेन्द्र दाहाल, ईन्द्र बम, राजेन्द्र कुँवर, हेमन्त खड्कालगायत सम्पूर्ण साथीहरूप्रति आभार व्यक्त गर्दछु ।

अन्त्यमा छिटो छरितो र शुद्ध रुपमा टङ्कन गरिदिनुहुने फोटोन कम्प्युटर परिवार कीर्तिपुरका मानबहादुर चन्द तथा तारा पौड्याललाई धन्यवाद दिदैं प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका निम्ति त्रि.वि. नेपाली भाषा शिक्षा विभागसमक्ष पेश गर्दछु ।

**शोधार्थी**
रणबहादुर दौल्याल
नेपाली भाषाशिक्षा विभाग
त्रि.वि. कीर्तिपुर

शैक्षिक सत्र २०६१/०६३
मिति : २०६४/०५

# शोधसार


शोधशीर्षक : कञ्चनपुर जिल्लाका कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन

शोधार्थी : रणबहादुर दौल्याल

शोधनिर्देशक : प्रा. डा. केदारप्रसाद शर्मा

विभाग/क्याम्पस : नेपाली भाषाशिक्षा विभाग विश्वविद्यालय क्याम्पस, त्रि.वि. कीर्तिपुर

शैक्षिक वर्ष : २०६१/०६३

पृष्ठ सङ्ख्या : ८५+१७

अध्याय : छ

**शोधप्रक्रिया**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषाशिक्षा विभागअन्तर्गत एम.एड. नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनको लागि तयार पारिएको हो ।

कञ्चनपुर जिल्लाका कक्षा दश (१०) मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य हो । यसअन्तर्गत कञ्चनपुर जिल्लाभित्रका निजी तथा सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको विद्यालयको प्रकृति, भाषिक पृष्ठभूमि, लैङ्गिकता र स्थानीयतााका आधारमा अध्ययन विश्लेषण गर्ने कार्य गरिएको छ ।

प्रस्तुत शोधपत्रका लागि सामग्री सङ्कलन गर्ने क्रममा प्राथमिक स्रोतको रुपमा कञ्चनपुर जिल्लाका पाँचवटा सरकारी विद्यालय तथा तीनवटा निजी

विद्यालयका क्रमशः ५०/३० जना विद्यार्थीहरू गरी जम्मा ८ ओटा विद्यालयबाट ८० जना विद्यार्थीहरूलाई नमुनाको रुपमा लिइएको छ भने गौण सामग्रीका रुपमा पूर्वकार्यहरू, सन्दर्भ पुस्तकहरू, पत्रपत्रिकाहरू तथा विभिन्न लेखरचनाहरू रहेका छन् ।

छ परिच्छेदमा सङ्गठित प्रस्तुत शोधकार्यलाई क्रमशः शोधपरिचय, सैद्धान्तिक परिचय, अध्ययन विधि, व्याख्या र विश्लेषण, तुलनात्मक विश्लेषण तथा निष्कर्ष र सुझाव खण्डमा विभाजित गरिएको छ ।

**शोधनिष्कर्ष**

- समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई प्रतिशत र मध्यमानको आधारमा हेर्दा समग्र निबन्धलेखन क्षमता कमजोर देखिन्छ ।
- विद्यालयको प्रकृतिका आधारमा हेर्दा निजी विद्यालयका विद्यार्थीहरू मध्यमानभन्दा माथि ५० प्रतिशत र मध्यमानभन्दा तल ५० प्रतिशत विद्यार्थीहरू रहनाले निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता सामान्य देखिन्छ भने सरकारी विद्यालयका विद्यार्थीहरू मध्यमानभन्दा माथि ३४ प्रतिशत र मध्यमानभन्दा तल ६६ प्रतशत विद्यार्थीहरू रहनाले सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर रहेको देखिन्छ ।
- भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरू मध्यमानभन्दा माथि ४७.२२ प्रतिशत र मध्यमानभन्दा तल ५२.७८ प्रतिशत विद्यार्थीहरू रहनाले नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर देखिन्छ भने नेपाली विमातृभाषी विद्यार्थीहरू मध्यमानभन्दा माथि ५० प्रतिशत र मध्यमानभन्दा तल ५० प्रतिशत रहनाले नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता सामान्य वा राम्रो देखिन्छ ।

- लैङ्गिकताका दृष्टिले हेर्दा समग्र छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यमानभन्दा माथि ५२.२८ प्रतिशत र मध्यमानभन्दा तल ४७.७२ प्रतिशत रहनाले छात्रहरूको निबन्धलेखन क्षमता राम्रो देखिन्छ भने छात्रातर्फ ४१.४४ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ५८.५६ प्रतिशत मध्यमानभन्दा तल देखिनाले निबन्धलेखन क्षमतामा छात्रा विद्यार्थीहरू कमजोर देखिन्छन् ।
- स्थानीयताका दृष्टिले ग्रामीण विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यमानभन्दा माथि ३२.५० प्रतिशत र मध्यमानभन्दा तल ६७.५० प्रतिशत देखिनाले ग्रामीण विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर देखिन्छ भने सहरी विद्यालयतर्फ मध्यमानभन्दा माथि ६२.५० प्रतिशत र मध्यमानभन्दा तल ३७.५० प्रतिशत रहनाले सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च रहेको देखिन्छ ।

# विषय सूची

## परिच्छेद - एक

पेज नं.

१. शोधपरिचय
१.१ शोधशीर्षक :-
१.२ शोधप्रयोजन :-
१.३ समस्याकथन :-
१.४ अध्ययनको उद्देश्य :-
१.५ शोधको औचित्य :-
१.६ शोधको सीमाङ्कन :-
१.७ शोधविधि :-
१.८ पूर्वकार्यको समीक्षा :-
१.९ शोधको रुपरेखा :-

## परिच्छेदं- दुई
## सैद्धान्तिक परिचय

**२.१ निबन्धको सैद्धान्तिक परिचय**
२.१.१ पृष्ठभूमि
२.१.२ निबन्ध **:-** व्युत्पत्ति र अर्थ
२.१.३ निबन्धको परिभाषा :-

**२.२ भाषिक सीप र निबन्ध विधा**
२.२.१ भाषापाठ्यक्रम, भाषापाठ्यपुस्तक र लेखाइ सीप
२.२.१.१ भाषापाठ्यक्रम
२.२.१.२ भाषापाठ्यपुस्तक
२.२.१.३ लेखाइ सीप
२.२.२ लेखाइ शिक्षणको आवश्यकता र महŒव
२.२.३ लेखाइ सीपको विकासमा निबन्ध लेखनको स्थान
२.२.४ विद्यालय तहमा निबन्ध शिक्षणको प्रयोजन :
२.२.५ विद्यालय तहका वर्तमान पाठ्यक्रमहरूमा निबन्ध विधाको स्थान र शिक्षण प्रक्रिया
२.२.५.१ प्राथमिक शिक्षा पाठ्यक्रम २०४९
२.२.५.२ निम्न माध्यमिक पाठ्यक्रम २०५८

२.२.५.३ माध्यमिक शिक्षा पाठ्यक्रम २०५५
**२.३ सारांश :-**

## परिच्छेद - तीन
## अध्ययन विधि

३.१ जनसङ्ख्याको पहिचान -
३.२ प्रतिनिधि नमुना -
३.३ सामग्रीनिर्माण :
३.४ तथ्याङ्क सङ्कलन
४.५ व्याख्या विश्लेषण र प्रस्तुतीकरण

## परिच्छेद - चार
## व्याख्या र विश्लेषण

४.१ समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :
४.१.१ समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति :
४.१.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति -

४.२ सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :
४.२.१ सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

४.२.२ मध्यमान र मानक विचलनका आधारमा सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :

४.३ निजी विद्यालयका समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :
४.३.१ निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति :
४.३.२ मध्यमान र मानक विचलनका आधारमा निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :-
४.४ नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता स्थिति :
४.४.१ नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति :
४.४.२ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी

विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :-

४.५ नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :
४.५.१ नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति
४.५.५ मध्यमान र मानक विचलनका आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :

४.६ छात्रा विद्यार्थीहरूको निन्बधलेखन क्षमताको स्थिति :
४.६.१ छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति
४.६.२ मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :

४.७ छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :
४.७.१ समग्र विद्यार्थीहरूमध्येबाट छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति :
४.७.२ मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :-

४.८ ग्रामीण विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति
४.८.१ ग्रामीण विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति :-
४.८.२ मध्यमान र मानक विचलनका आधारमा ग्रामीण विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :-

८.९ सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति
४.९.१ सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति :
८.९.२ मध्यमान र मानक विचलनका आधारम सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :-
८.१० समग्र मध्यमान र मानक विचलनका आधारमा विद्याथीहरूको निबन्धलेखन क्षमताको समूगत स्थिति :-
८.११ सारांश

## परिच्छेद - पाँच
## तुलनात्मक विश्लेषण

५.१ विभिन्न समूहहरूमा निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति :-
५.१.१ सरकारी विद्यालय र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना
५.१.२ भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना
५.१.३ लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थहिरूको निबन्धलेखन क्षमताको तुलना
५.१.४ स्थानीयताका आधारमा ग्रामीण र सहरीया विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना

## परिच्छेद - छ
## निष्कर्ष र सुझाव

६.१ निष्कर्ष
६.२ सुझाव
६.३ शैक्षिक प्रयोजन
६.४ अध्ययनका सीमाहरू
**६.५ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू**
**सन्दर्भग्रन्थसूची**